Website: http://dofsc.gov.np/, Email: info@dofsc.gov.np

## Invitation for Electronic Bids

**For Supply and Delivery of Uniform for Armed Forest Guard**

Contract Identification Number: DoFSC/NCB/G/2078/79-01

Date of Notice Publication: 2 March 2022

1. **Department of Forests and Soil Conservation (DoFSC)** invites **Electronic Bids** for the procurement of Goods **"Supply and Delivery of Uniform for Armed Forest Guard"** under National Competitive Bidding (NCB) procedures specified in prevailing Public Procurement Act and Regulations of Nepal. Bidding is open to all eligible and qualified Bidders/Suppliers.
2. Interested Eligible Bidders may obtain further information and inspect the Bidding Document in English at the office of DoFSC, Babarmahal, Kathmandu or may visit e-GP system of PPMO: **www.bolpatra.gov.np/egp**.
3. Other details are provided in the uploaded Bidding Document available in the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp**.

**त्रि.अ.वि. ने.ना.उ.कार्यालयको स्वामित्वमा रहि नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि.बाट संचालित Air Cargo Building बाट आयात तथा निर्यात गरिने मालसामानहरुको कार्गो प्रवन्ध**

## शुल्क वृद्धि सम्बन्धि अत्यन्त जरूरी सूचना

**प्रकाशित मितिः २०७८/११/१८**

विमानस्थल सेवा शुल्क नियमावली, २०६७ (पाँचौ संशोधन) को अनुसूची-८(८) मा "यस अनुसूचीमा उल्लेख गरिएको मालसामान (कार्गो) प्रबन्ध सेवा दस्तुरहरु प्रत्येक दुई दुई वर्षमा १० प्रतिशतका दरले स्वतः वृद्धि हुनेछ" भनि उल्लेख भए बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणको प.सं. २०७८/७९ च.न ६२ मिति २०७८/११/१३ को पत्रबाट शुल्क वृद्धि गरी मिति २०७८/१२/०४ देखि लागु हुने गरी असुल गर्न पत्राचार भए अनुसार विमानस्थल सेवा शुल्क नियमावली २०६७ मा उल्लेख भए बमोजिम मिति २०७६।१२।०४ देखि २०७८।१२।०३ गतेसम्म असुल भई आएको सेवा दस्तुरमा १० प्रतिशत वृद्धि गरी मिति २०७८।१२।०४ गते देखि लागु हुने गरी देहाय अनुसारको दररेटमा कार्गो प्रबन्ध सेवा दस्तुर असुल गरिने हुँदा सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। यसमा सबै सरोकारवाला निकायहरुको सदा झैं सहयोगको अपेक्षा गरिएको छ।

| क्र.सं. | मालसामानको प्रकृति | निर्यात गर्दा | आयात गर्दा |
|---|---|---|---|
| १ | साधारण | प्रति के.जि. एक रुपैयाँ एक्काईस पैसा वा दुई सय बयालिस मध्ये जुन बढि हुन्छ। | प्रति के.जि. छ रुपैयाँ सच्चालिस पैसा वा एक सय एक्काईस रुपैयाँ मध्ये जुन धेरै हुन्छ। |
| २ | बहुमुल्य | प्रति के.जि. तीन रुपैयाँ तीन पैसा वा तीन सय दुई रुपैयाँ पचास पैसा मध्ये जुन बढि हुन्छ। | प्रति के.जि. नौ रुपैयाँ अठ्सट्ठी पैसा वा दुई सय बयालिस रुपैयाँ मध्ये जुन बढि हुन्छ। |
| ३ | नाशवान | प्रति के.जि. दुई रुपैयाँ वयालिस पैसा वा दुई सय बयालिस रुपैयाँ मध्ये जुन बढि हुन्छ। | प्रति के.जि. नौ रुपैयाँ अठ्सट्ठी पैसा वा दुई सय बयालिस रुपैयाँ मध्ये जुन बढि हुन्छ। |
| ४ | खतराजन्य | प्रति के.जि. छ रुपैयाँ पाँच पैसा वा छ सय पाँच रुपैयाँ मध्ये जुन बढि हुन्छ। | प्रति के.जि. उन्नाईस रुपैयाँ छत्तिस पैसा वा चार सय चौरासी रुपैयाँ मध्ये जुन बढि हुन्छ। |
| ५ | एक्सप्रेस कुरियर व्याग, कुरियर पार्सल र एक्सप्रेस कार्गो | प्रति के.जि. छ रुपैयाँ पाँच पैसा वा एक सय एक्काईस रुपैयाँ मध्ये जुन बढि हुन्छ। | प्रति के.जि. छ रुपैयाँ पाँच पैसा वा दुई सय बयालिस रुपैयाँ मध्ये जुन बढि हुन्छ। |
| ६ | जिवित जनावर निर्यात वा आयात गर्दा वहुमुल्य मालसामान निर्यात वा आयात गर्दा लाग्ने दस्तुरको दोब्बर दस्तुर। | | |

१. उल्लेखित मालसामानको वर्गीकरण अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले मान्यता दिएको मालसामानको हवाई ढुवानीको महशुल सम्बन्धि नियमावली (एयर कार्गो ट्यारिफ रुल्स) बमोजिम हुनेछ।

२. प्यालेटाईजेशन तथा डिप्यालेटाईजेशन गर्नुपरेमा प्रति टन साठी रुपैयाँ पचास पैसा थप दस्तुर लाग्नेछ।

३. मालसामान धनीको अनुरोधमा कार्यालयकृ अतिरिक्त समय र बिदाको दिनमा मालसामान प्रबन्ध गर्नु परेमा प्रति पुलिन्दा (कन्साईन्मेन्ट) दुई सय बयालिस रुपैयाँ थप दस्तुर लाग्नेछ।

४. निर्यात गर्दा पहिलो सात दिनसम्मको लागि डिमरेज शुल्क लाग्ने छैन। सो अवधि पछि तीस दिनसम्म प्रति के.जि. नब्बे पैसा र एकतिसौं दिनदेखी माथि प्रति के.जि. दुई रुपैयाँ एघार पैसा डिमरेज शुल्क लाग्नेछ।

५. आयात गर्दा पहिलो सात दिनसम्म डिमरेज शुल्क लाग्ने छैन। सो अवधि पछि तीस दिनसम्म प्रति के.जि. दुई रुपैयाँ बयालिस पैसा र एकतिसौं दिन भन्दा माथि प्रति के.जि. तीन रुपैयाँ तीन पैसाका दरले डिमरेज शुल्क लाग्नेछ। तर छुट दिईएको अवधिभित्र मालसामान नलगेमा त्यस्तो मालसामान प्राप्त भएको मिति देखी नै डिमरेज शुल्क लाग्नेछ।

६. गोदामभित्र तौल गर्दा साविकमा देखाईएको भन्दा बढि तौल भएमा लाग्ने दस्तुरको दोब्बर दस्तुर लाग्नेछ।

७. विदेशबाट नेपालमा वा नेपालबाट विदेशमा मानव अवशेष ल्याउने लैजाने सिलसिलामा सो को प्रबन्ध गरेवापत कुनै दस्तुर लाग्ने छैन।

८. यस अनुसूचीमा उल्लेख गरिएको मालसामान (कार्गो) प्रवन्ध सेवा दस्तुरहरु प्रत्येक दुई दुई वर्षमा दश प्रतिशतका दरले स्वतः वृद्धि हुनेछ।